# शहिदनगर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ६ संख्या ४ मितिः २०८०/०६/१६

भाग-२

शहिदनगर नगरपालिका

नि: शुल्क HCG जाँच जाँच , फोलिक एसिड तथा क्यालसियम चक्की वितरण कार्यक्रम संचालन मार्गदर्शन २०८०

प्रमाणिकरण मितिः२०८०/०६/१६

**नि: शुल्क HCG जाँच जाँच , फोलिक एसिड तथा क्यालसियम चक्की वितरण कार्यक्रम संचालन मार्गदर्शन २०८०**

१. गर्भवत्ति तथा सुत्केरीहरु लाई HCG किट , फोलिक एसिड चक्कि र क्यालसियम चक्की वितरण सम्बन्धि स्वास्थ्यकर्मी, महिला समुदायिक स्वास्थ्य स्व्यं सेविका तथा अन्य सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| परिचय | यस नगरपालिका भित्रका गर्भवत्ति तथा सुत्केरी अवस्थामा खानु पर्ने फोलिक एसिड र क्यालसियम चक्कीको कम्मिले जन्मिने बच्चाहरुमा न्युरल ट्युब डिफेक्ट जस्ता समस्याहरु लगायत आमाहरुमा समेत अन्य स्वास्थ्य समस्याहरु देखा परिरहेको हुँदा उक्त समस्याहरुलाई न्युनिकरण गर्नुको साथै गर्भवतिहरुलाई संस्थागत जाँचको पहुँचमा बृद्धी गरी पहिलो गर्भ जाँचमा एकरुपता ल्याउनको लागी यो कार्यक्रम मार्फत सहयोग पुग्ने अपेक्षा गरिएको छ। |
| उदेश्य | स्वास्थ्यकर्मी , महिला समुदायिक स्वास्थ्य स्व्यं सेविका र अन्य सरोकारवालाहरु लाई यस कार्यक्रम सम्बन्धि बिस्तृत रुपमा जानकारी गराई बच्चा र आमामा हुन सक्ने स्वास्थ्य समस्या न्युनिकरण गर्ने , संस्थागत गर्भ जाँचको दरमा बृद्धी ल्याई तुलनात्मक रुपमा पहिलो र चौथो गर्भ जाँचको अनुपातमा समानता ल्याउनुको साथै कसरी वितरण गर्ने र लेखा जोखा समेत राख्ने सम्बन्धि जानकारी हुने। |
| अपेक्षित प्रतिफल | फोलिक एसिड र क्यालसियम चक्की कसलाई दिन मिल्ने / नमिल्ने , कसरी वितरण गर्ने , लेखा जोखा कसरी राख्ने सम्बन्धि सरोकारवालाहरु लाई पुर्णताजगि भई पुर्ण रुपमा जानकारी भई कार्यक्रमले लिएका उदेश्यहरु पुरा भएको हुनेछ। |
| संचालन प्रकृया | - यो कार्यक्रम यस नगरपालिकाको नगर प्रमुख , उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृत ज्युको समन्वयमा स्वास्थ्य शाखाले आवश्यक कार्यक्रम कार्यान्वयन योजना बनाई यस नगरपालिका अन्तर्गतका स्वास्थ्यकर्मी , महिला समुदायिक स्वास्थ्य स्व्यं सेविका लगायत अन्य बिभिन्न सरोकारवालाहरु लाई कार्यक्रम कार्यान्वयन सम्बन्धि १ दिने पुर्णताजगि अभिमुखीकरण कार्यक्रम संचालन गर्नु पर्ने छ।<br><br>**<u>कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने कुराहरु</u>**<br><br>➢ अभिमुखीरकण कार्यक्रम १ दिनको हुने छ।<br>➢ बिभिन्न चरणमा यो अभिमुखीकरण संचालन गर्न सकिने छ।<br>➢ यस नगरपालिका अन्तर्गतका प्रत्येक वडाहरुमा यो कार्यक्रम संचालन हुने छ। सम्बन्धित वडाहरुको स्वास्थ्य संस्थाहरुले यो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने छ । कार्यक्रम कार्यान्वयनको जिम्मेबारी सम्बन्धित वडाको महिला समुदायिक स्वास्थ्य स्व्यं सेविका , ब्यवस्थापन समिति , र सम्पुर्ण स्वास्थ्यकर्मी हुने छन भने बिशेष जिम्मेबार यस कार्यक्रमको लागी ताहाँ संस्था बाट तोकिएको फोकल पर्सन र मुख्य जिम्मेबार सम्बन्धित स्वास्थ्य संस्थाको संस्था प्रमुख हुने छन।<br>➢ फोलिक एसिड र क्यालसियम चक्की यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा आउने सम्पुर्ण सेवाग्राहीहरुलाई यो कार्यक्रममा समावेस गर्नु पर्ने छ।<br>➢ गर्भवति सुनिश्चित भएको दिन देखी गर्भ सुनिश्चित भएको ३ महिना सम्म फोलिक एसिड खुवाउने र ३ महिना पुगी सके पछी सुत्केरी भएको ४५ दिन सम्म आईरन चक्की संग संगै क्यालसियम चक्की समेत नि:शुल्क वितरण गर्ने। |

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | |
|---|---|
| | ➢ यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा सेवालिन आउने सम्पुर्ण सेवाग्राहीहरु लाई यस कार्यक्रममा समाबेस गराईने छ । |
| बजेट बाँडफाँड | प्रचलित आर्थिक ऐन तथा कानुनको परिधिभित्र रही आवश्यकताअनुसार रकम बाँडफाँड गर्न सकिने छ । |
| अभिलेख तथा प्रतिबेदन | यस कार्यक्रमको लागी स्वास्थ्य संस्था बाट माग भई आएका किट , औषधी ( क्यालसियम र फोलिक एसिड) साथै आपुर्ति भएका औषधि जिन्शी खातामा रेकर्ड राखी वितरण गरे बमोजिम यस कार्यक्रमका लागी यसै मार्ग दर्शनमा भएको अनुसुचि १ बमोजिम स्वास्थ्य संस्थाहरुले यस नगरपालिकाको स्वास्थ्य शाखामा मासिक रुपमा अनिवार्य प्रतिबेदन बुझाउनु पर्ने छ । |

शहीदनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय यदुकुहा, धनुषा मधेश प्रदेश, नेपाल

## २. गर्भवति तथा सुत्केरीहरु लाई क्यालसियम र फोलिक एसिड चक्कि वितरण कार्यक्रमको लागी औषधी खरीद

| | |
|---|---|
| परिचय | सुरक्षित मातृत्व कार्यक्रमलाई थप ब्यवस्थित गर्न उक्त कार्यक्रमको लागी औषधी खरीद गर्ने । |
| उदेश्य | गर्भवति तथा सुत्केरीहरु लाई क्यालसियम र फोलिक एसिड वितरण कार्यक्रमको लागी चाहिने आवश्यक औषधीहरु समयमै खरीद भई उपलब्धता हुने । |
| अपेक्षित प्रतिफल | सुरक्षित मातृत्व कार्यक्रमलाई थप ब्यवस्थित तथा गुणस्तरीय हुने छन । |
| कार्न्यन गर्ने निकाय | शहीदनगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय यदुकुहा धनुषा । |
| संचालन प्रकृया | ➢ औषधी ( क्यालसियम र फोलिक एसिड ) खरीदको लागी पुर्वानुमान तयार गर्ने ।<br>➢ खरीद योजना बनाउनुपर्ने । |
| आर्थिक बाँडफाँड | ➢ सार्बजनिक खरीद ऐन तथा नियमाबली अनुसार । |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात उपचारात्मक सेवा महाशाखामा प्रतिवेदन अनिवार्य पठाउनु पर्ने छ । |
| सन्दर्भ सामाग्री | सार्बजनिक खरीद ऐन तथा नियमाबली |

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## ३. गर्भवति पत्ता लगाउनको लागि HCG किट खरीद तथा वितरण

| | |
|---|---|
| परिचय | सुरक्षित मातृत्व कार्यक्रमलाई थप ब्यवस्थित गर्न यो HCG किट खरीद गर्ने सम्बन्धिको कार्यक्रम राखिएको छ। |
| उदेश्य | किट बाट पिसावको जाँच गरी गर्भवति पत्ता लगाउन HCG किट खरीद तथा वितरण कार्यक्रमको लागी चाहिने आवश्यक किटहरु समयमै खरीद भई उपलब्धता हुने। |
| अपेक्षित प्रतिफल | सुरक्षित मातृत्व कार्यक्रमलाई थप ब्यवस्थित तथा गुणस्तरीय हुने छन। र पहिलो गर्भ जाँच तथा प्रोटोकल अनुसारको गर्भ जाँचमा बृद्धी भई संस्थागत सुत्केरीमा बृद्धी हुनेछ। |
| कार्न्वयन गर्ने निकाय | शहीदनगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय यदुकुहा धनुषा। तथा पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु |
| संचालन प्रकृया | ➢ किट खरीदको लागी पुर्वानुमान तयार गर्ने।<br>➢ खरीद योजना बनाउनुपर्ने। |
| आर्थिक बाँडफाँड | ➢ सार्बजनिक खरीद ऐन तथा नियमाबली अनुसार। |
| अभिलेख तथा प्रतिवेदन | स्वास्थ्य्य संस्थाहरुले सेवा सम्बन्धिको अभिलेख अनुसुचि १ बमोजिम पालिकाको स्वास्थ्य शाखामा बुझाउनुपर्ने छ। |
| सन्दर्भ सामाग्री | सार्बजनिक खरीद ऐन तथा नियमाबली |

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# नि:शुल्क HCG जाँच, फोलिक एसिड र क्याल्सियम चक्की वितरण कार्यक्रम

## स्वास्थ्य संस्था स्तरीय प्रतिवेदन फाराम

स्वास्थ्य संस्थाको नाम : नगरपालिकाको नाम :- शहीदनगर नगरपालिका, धनुषा ।

साल : महिना :

| सि.नं. | विवरण | चरण | | | सेवा शुरु गरेका जम्मा संख्या | सेवा पुरा गरेका जम्मा संख्या | क्याल्सियम चक्की जम्मा वितरण संख्या | HCG जाँच गरेका सेवाग्राहीको जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | | | | | |
| १ | गर्भवती | | | | | | | | |
| २ | सुत्केरी | | | | | | | | |

### फोलिक एसिड चक्की वितरणको प्रतिवेदन

| सि.नं. | विवरण | शुरुको ३ महिना सम्म | | | सेवा शुरु गरेका जम्मा संख्या | सेवा पुरा गरेका जम्मा संख्या | फोलिक एसिड चक्की जम्मा वितरण संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो महिना | दोस्रो महिना | तेस्रो महिना | | | | |
| १ | फोलिक एसिड चक्की वितरण | | | | | | | |

**प्रतिवेदन तयार गर्ने**

नाम :-

पद :-

मोबाईल नं. :-

हस्ताक्षर :-

**प्रमाणित गर्ने**

नाम :-

पद :-

मोबाईल नं. :-

हस्ताक्षर :-

०८०/०६/१६

आज्ञाले,
नाम: केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

शहिदनगर नगरपालिकाद्धारा प्रकाशित मूल्य रु १०।-

CamScanner